**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**<u>फैसला</u>**

**२०७९।०८० सालको निर्णय नं.३२०**

**पुनरावेदन नं.०७५-RB-०११२**

**<u>मुद्दाः– मूल्य अभिबृद्धि कर(आ.ब. ०६४/०६५।)</u>**

| | |
|---|---|
| जिल्ला सुनसरी सोनापुर वडा नं.२ स्थित पशुपति आईरन एण्ड स्टिल प्रा.लि. (स्थायी लेखा नं. ३०००१६१४५) को तर्फबाट अख्तियार प्राप्त ऐ. कम्पनीको संचालक अशोक कुमार मुरारका...............................................................१ | पुनरावेदक |

**<u>विरुद्ध</u>**

| | |
|---|---|
| श्री आन्तरिक राजश्व विभाग, लाजिम्पाट,काठमाण्डौ.......................................१<br>श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर.......................................१ | प्रत्यर्थी |

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री जगदीश रेग्मी

शुरु कार्यालयको निर्णय मितिः–२०७०/०२/२७

**<u>प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी</u>**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णुप्रसाद नेपाल

निर्णय मितिः २०७५/०४/२९

**<u>उपस्थित कानून व्यवसायीहरु</u>**

पुनरावेदक तर्फबाटः विद्वान अधिवक्ताद्वय श्री रमणकुमार कर्ण र श्री प्रेरणा उप्रेती

प्रत्यर्थी तर्फबाटः विद्वान सहायक न्यायाधिवक्ता श्री संगीता थोकर

**अवलम्वित नजीरः ×**

ठूला करदाता कार्यालय, हरिहरभवनका प्रमुख कर प्रशासकबाट मिति २०७०।०२।२७ मा भएको मूल्य अभिबृद्धि कर तर्फको अन्तिम कर निर्धारणको निर्णय तथा उक्त निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०४।२९ मा भएको निर्णय समेत उपर चित्त नबुझाई राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. ठूला करदाता कार्यालय, ललितपुरको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री पशुपती आईरन एण्ड स्टिल प्रा.लि.को आ.व. २०६४/०६५ को कर परीक्षण सम्पन्न भई पेश भएको प्रतिवेदनको आधारमा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २० बामोजिम कर निर्धारण गरी मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम २९(१) वमोजिम मूल्य अभिबृद्धि कर रकम, जरीवाना, थप दस्तुर तथा ब्याज समेत जम्मा रु. २३,८४,८५६।०० (तेईस लाख चौरासी हजार आठ सय छपन्न रुपैयाँ मात्र) को प्रारम्भिक कर निर्धारण आदेश मिति २०७०।०१।३१ मा ठूला करदाता कार्यालय ललितपुरबाट जारी भएको।

२. कार्यालयको उक्त आदेश पुनरावेदकले मिति २०७०।०२।१० मा फोन नं. ०२१५२५१९४ मा फ्याक्स मार्फत पठाएको मिति २०७०।०२।१२ मा बुझी लिई उक्त आदेशका सम्बन्धमा मिति २०७०।०२।२६ मा जवाफ तथा प्रतिक्रिया पेश गरेको।

३. यसमा कार्यालयबाट मिति २०७०/०१/३१ मा जारी प्रारम्भिक कर निर्धारण आदेश बमोजिमको मू.अ.कर रकम, जरीवाना, थप दस्तुर तथा व्याज गरी जम्मा रु.२३,८४,८५६।- कर निर्धारण कानून सम्मत ठहर्छ। सो ठहर्नाले मू.अ.कर ऐन, २०५२ को दफा २०(१) बमोजिम कर निर्धारण गरी मू.अ.कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्नु भन्ने ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७०।०२।२७ मा भएको निर्णय पर्चा।

४. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७०/०२/२८ मा जारी गरेको आ.व. २०७१/०७२ को मुल्य अभिबृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी पशुपति आईरन एण्ड स्टिल प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७०/०५/०७ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

५. उद्योग विभागको Material Consumption Norms Vol. I 2063, Duty Drawback को प्रयोजनको लागि बनाईएको भन्ने निवेदन जिकिरलाई मनासिव मान्न नसकिने, तोकिएको बस्तु तोकिएको परिमाणमा उत्पादन हुनु पर्नेमा सो नभई घटी उत्पादन भएको अवस्थामा उत्पादन भएको विवरण बिक्री फाँटवारी प्रत्येक महिना पेश गरेको तथा उत्पादन भएका बस्तु स्थायी लेखा नम्बर लिएकालाई बिक्री गरेको आधारमा मात्र सबै उत्पादित वस्तुको समेत बिक्री बिजक जारी भयो र सोमा कानून अनुसार संकलन हुनपर्ने कर संकलन भयो भनी मान्न नसकिने, उद्योग विभागले Material Consumption Norms BS 2063 सार्वजनिक रुपमा प्रकाशन गरेको अवस्थामा सोमा उल्लेखित व्यवस्थाको बारेमा आफुलाई जानकारी नभएको भन्नु मनासिव नदेखिने, १०६ के.जी. MS Billet बाट १०० के.जी. का दरले छड उत्पादन हुने र सोही अनुसार मात्र जर्ति कायम हुने गरी निवेदकले दावी गरेको बढी जर्तिलाई उल्लेखित दरकै आधारमा छड उत्पादन तथा बिक्री भएको मानी सो बिक्रीमा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २० वमोजिम कर निर्धारण गर्ने गरी भएको कार्यालयको निर्णय कानून सम्मत नै रहेको, प्रचलित बाध्यात्मक कानूनी व्यवस्था अनुरुप उद्योगले उत्पादन देखाई सोही वमोजिमको बिक्री आय लेखांकन गर्नुपर्नेमा सो नगरेको, बिपक्षी कार्यालयबाट लगाईएको जरिवाना नलाग्ने गरी निर्णय गरी पाउन निवेदकले जिकिर लिए तापनि मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २९(२) मा उल्लिखित कसुर गरेमा सोही बमोजिम जरिवाना हुने व्यहोरा उल्लेख रहेको हुँदा निवेदकको जिकिर नपुग्ने ठहर्छ भनी मिति २०७५।०४।२९ मा आन्तरिक राजश्व विभागबाट निर्णय भएको।

६. जर्ति कायमका सम्बन्धमा प्रत्यर्थी विभाग तथा कार्यालयले गरेको निर्णय प्रचलित कानुन, कानूनका मान्य सिद्धान्त, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त र फैसलाको अन्तिमताको सिद्धान्त समेतको विपरित रहेर आदेश गरेको, उद्योग विभागबाट अन्य प्रयोजनको लागि निर्धारण गरिएको Norms लाई आधार मानी उत्पादन नै नभएको बस्तुको उत्पादन तथा बिक्री बितरण गरेको भनी काल्पनिक आधार लिईएको, सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको प्रतिकूल हुने गरी आदेश गरिएको, बास्तविक जर्तिलाई समेत कानून सम्मत नहुने गरी आयमा समावेश गरिएको समेतका कारणबाट अन्याय भएको हुँदा ठूला करदाता कार्यालयबाट मिति २०७०।०२।२७ मा भएको अन्तिम कर निर्धारण आदेश एवं सो आदेशलाई सदर गर्ने गरी मिति २०७०।०४।२९ को आन्तरिक राजश्व विभागको निर्णय समेत बदर गरी न्याय इन्साफ पाउँ भन्ने व्यहोराको करदाताले यस न्यायाधिकरणमा दायर गरेको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई

नियमानुसार पेश गर्नु भनी यस न्यायाधिकरणबाट मिति २०७६।०३।०१ मा भएको आदेश।

८. यसमा यिनै पुनरावेदक तथा प्रत्यर्थी रहेका आ.व. २०६४/०६५ देखि २०७२/०७३ सम्मका विभिन्न आर्थिक बर्षहरुका आयकर, मू.अ.कर र अन्तशुल्क समेतका सम्बन्धमा यसै न्यायाधिकरणमा पुनरावेदन परेको देखिएको तर आ.व. २०६८/०६९ र २०६९/०७० का कर निर्धारण सम्बन्धमा पुनरावेदन परे नपरेको यकिन गरी पुनरावेदन परेको भए साथै राखू। साथै, यस न्यायाधिकरणमा कारवाहीको अवस्थामा रहेका यिनै पुनरावेदक तथा प्रत्यर्थी रहेका आ.व. २०६४/०६५ र आ.व.०६७/०६८ का आयकर, मू.अ.करका मुद्दाहरुको ठूला करदाता कार्यालय, ललितपुरमा प्रमुख कर अधिकृतको रुपमा यस न्यायाधिकरणमा राजस्व सदस्य भई कार्यरत श्री राजेन्द्र पौडेल समेतको संलग्नतामा परिक्षण भएको हुँदा उहा रहितको ईजलासमा पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७/०९/०१ मा लगाउको आयकर मुद्दामा भएको आदेश ।

९. पुनरावेदक करदाताको आ.व. २०६४।०६५ को पुनः संशोधित कर निर्धारण गर्न मिति २०७०।२।२७ मा खडा गरेको निर्णय पर्चाको प्रकरण २ बाट निज करदाताको मिति २०६७।५।२ मा संशोधित कर निर्धारण भएकोमा आन्तरिक राजस्व कार्यालय धरानले मिति २०६८।३।६ मा अन्तशुल्क निर्धारण गरी आयकरतर्फ संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि प्रतिवेदन प्राप्त भएकोले पुनः संशोधित कर निर्धारण गर्नु परेको भन्ने समेत बेहोरा उल्लेख भएकोमा मिसिल संलग्न राजस्व न्यायाधिकरण विराटनगरबाट पुनरावेदन नं.९६। ०६८।००१६०, ००१६१ र ००१६२ मा मिति २०६९।१०।१९ मा भएको फैसलाको छाँयाप्रतिबाट उल्लेखित आन्तरिक राजस्व कार्यालय धरानको मिति २०६८।३।६ को र सो उपरको प्रशासकीय पुनरावलोकनको निवेदनमा आन्तरिक राजस्व विभागबाट मिति २०६८।९।१४ का निर्णयहरु समेत उल्टी हुने ठहरेको भन्ने देखिँदा यी करदाताका हकमा आ.व.२०६४।०६५, ०६५।०६६ र ०६६।०६७ मा आन्तरिक राजस्व कार्यालय धरानबाट भएका अन्तशुल्क निर्धारणका निर्णयहरु तथा सो उपर परेका प्रशासकीय पुनरावलोकनका निवेदनमा भएका निर्णय सहितको सक्कलै मिसिल सम्बन्धित कार्यालय/विभागवाट र यिनै मुद्दामा राजस्व न्यायाधिकरण विराटनगरबाट माथि उल्लेखित मुद्दामा मिति २०६९।१०।१९ मा भएका फैसलाहरु सहितका छिनुवा मिसिल राजस्व न्यायाधिकरण विराटनगरबाट मगाई साथै राखु। साथै, आन्तरिक राजस्व विभागको मिति २०७४।४।२९ को निर्णयमा उल्लेखित उद्योग विभागबाट प्रकाशित Material Consumption Norms, Vol. BS. 2063 को प्रमाणित प्रतिलिपी विशेष सरकारी वकील कार्यालय मार्फत सम्बन्धित निकायबाट मगाई साथै राखु भन्ने यस न्यायाधिकरणबाट मिति २०७८/०१/०८ मा भएको आदेश।

१०. प्रस्तुत मुद्दा र लगाउमा पेश भएका मुद्दा समेत चार वर्ष पुरानो रहेको र करदाताको तर्फबाट अन्य कानून व्यवसायीहरु समेत मुकरर भएको देखिँदा अर्को पेशीमा सुनुवाईको सुनिश्चितताको लागि सवै मुद्दामा पुनरावेदक र प्रत्यर्थी दुवै पक्षबाट १५ दिन भित्र लिखित

वहसनोट पेश गर्न वारिस मार्फत सूचना दिई नियमानुसार पेश गर्नु भन्ने व्यहोराको मिति २०७९।११।२८ गतेको यस न्यायाधिकरणबाट भएको आदेश।

११. यसमा यस न्यायाधिकरणको मिति २०७९।११।२८ को आदेशानुसार पुनरावेदकको तर्फबाट विद्वान अधिवक्ता श्री प्रेरणा उप्रेतीले मिति २०७९।१२।१२ मा र प्रत्यर्थीका तर्फबाट विद्वान सहायक न्यायाधिवक्ता श्री संगीता थोकरले मिति २०८०।०१।०३ का दिन लिखित बहसनोट पेश गर्नु भएको।

<u>ठहर खण्ड</u>

१२. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाताका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रमण कुमार कर्णले उद्योग विभागबाट अन्य प्रयोजनको लागि निर्धारण गरिएको Norms लाई आधार मानी उत्पादन नै नभएको बस्तुको उत्पादन तथा बिक्री बितरण गरेको भनी काल्पनिक आधार लिईएको, छड उत्पादनमा हकमा के कति प्रतिशत जर्ती (Unseen Loss) हुने भन्ने कुरा कानूनी रुपमा प्रष्ट नभएको, उद्योग विभागले Material Consumption Norms BS 2063 सार्वजनिक रुपमा प्रकाशन गरेको भनिए तापनि करदातालाई आधिकारिक रूपमा जानकारी नभएको अवस्थामा कर निर्धारणको क्रममा ठूला करदाता कार्यालय, ललितपुरबाट उद्योगले वास्तविक उत्पादनभन्दा घटी उत्पादन देखाएको भन्ने काल्पनिक आधार लिएको छ। मनोगत आधारमा हाम्रो कर विवरण अधुरो तथा त्रुटीपूर्ण भनी अन्तिम कर निर्धारण गरेको शुरु निर्णय त्रुटिपूर्ण रहेकोले सो बदर गरी पाउँ भनी तथा प्रत्यर्थी ठूला करदाता कार्यालय, ललितपुर समेतको तर्फवाट उपस्थित विशेष सरकारी वकील कार्यालयका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले करदाताले जर्ती बढी कायम गरेको कारण आयमा कम देखिएको, पुरानो नर्म्सको आधारमा कट्टी गरेको भएको कारण बढी देखिएको भन्ने दावी लिएको तर सो लाई पुष्टि गर्ने प्रमाणित कागजात पेश गर्न नसकेको, पुरानो norms भन्ने तथ्यकरदाता स्वंयमले स्वीकार गरेको हुँदा सो वापत मूल्य अभिवृद्धि कर थप गर्ने समेतको शुरु कार्यालयबाट भएको अन्तिम कर निर्धारणको आदेश कानूनसम्मत नै रहेकोले सो निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१३. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु एवं लिखित बहसनोट र मिसिल संलग्न कागज प्रमाण समेतको अध्ययन गरी हेर्दा, ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको हकमा भएको अन्तिम कर निर्धारणको आदेश तथा प्रशासकीय पुनरावलोकनको क्रममा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ वा छैन ? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१४. निर्णय तर्फ विचार गर्दा, करदाताले उद्योग विभागको Material Consumption Norms अनुसार आ.ब. २०६४/०६५ मा ८२९०.२४२ मे.टन विलेट खपतबाट जम्मा फलामे

छड ७८२१.०१४ मे. टन उत्पादन हुनपर्नेमा उत्पादन विवरणमा फलामे छड उत्पादन ७५३१.६६० मे. टन मात्र देखाएकोले २८९.३५४ मे. टन घटी उत्पादन भएको भनी घटी उत्पादन देखाएको फलामे छडलाई यस आ.ब. को सरदर बिक्री दर प्रति मे. टन रू.५४,७९०।- का दरले गणना गर्दा हुन आउने रकम रू.१,५८,५३,७०५।- मा स्क्रेप उत्पादनको बिक्री मूल्य रू.६९,७०,५३७।- न्यून गरी हुने रकम रु.८८,८३,१६८।- मा लाग्ने अन्तःशुल्क रकम रु.२,८९,३५४।- समेत मूल्य अभिबृद्धि कर प्रयोजनको लागि कारोवार मूल्यमा समावेश हुने हुँदा सो रकम समेत थप गरी हुन आउने रकम रू.९१,७२,५२२।- मा मूल्य अभिबृद्धि कर र जरिवाना समेत जम्मा रु.२३,८४,८५६।- निर्धारण गर्ने गरी शुरु ठूला करदाता कार्यालयबाट मिति २०७०/०२/२७ मा निर्णय भएको देखिन आयो।

१५. करदाताले यस न्यायाधिकरणमा दायर गरेको पुनरावेदन पत्रमा वास्तविक जर्तिलाई समेत मान्यता नदिई काल्पनिक उत्पादन र काल्पनिक बिक्री मानी अन्तिम कर निर्धारण गरेको तथा यसै निवेदक कम्पनीको हकमा यसै आ.व.२०६४/०६५ को अन्तःशुल्क निर्धारण सम्बन्धमा आन्तरिक राजस्व कार्यालय, धरानबाट भएको निर्णय बदर गरी राजस्व न्यायाधिकरण विराटनगरबाट ९ प्रतिशतको Recovery सिमा भित्र रही वास्तविक जर्तिलाई जर्ति कायम गर्नुपर्ने भनी फैसला भएको आधारमा समेत मूल्य अभिबृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेश बदर हुनुपर्ने भनी जिकिर लिएको देखियो।

१६. यस न्यायाधिकरणको मिति २०७८।१।८ को आदेश बमोजिम राजस्व न्यायाधिकरण, विराटनगरबाट प्राप्त हुन आएको यिनै करदाताको आ.व २०६४।०६५ को अन्तःशुल्क निर्धारण सम्बन्धी मुद्दाको सक्कल प्रमाण मिसिल हेर्दा, आन्तरिक राजस्व कार्यालय, धरानले आ.व. २०६४।०६५ मा फलामे डण्डी उत्पादनमा मापदण्ड भन्दा बढी जर्ति देखाई उत्पादन कम देखाएको भनी अन्तःशुल्क निर्धारण गर्ने गरी मिति २०६८।०३।०६ मा निर्णय गरेकोमा उक्त निर्णय कानून सम्मत रहेको भनी आन्तरिक राजस्व विभागबाट मिति २०६८।०९।१४ मा प्रशासकीय पुनरावलोकनको निवेदनमा निर्णय भएको देखियो। आन्तरिक राजस्व विभागको उक्त मिति २०६८।०९।१४ को निर्णय राजस्व न्यायाधिकरण, विराटनगरबाट मिति २०६९।१०।१९ मा उल्टी हुने गरी फैसला भए पश्चात सो फैसला उपर आन्तरिक राजस्व कार्यालय, धरान सुनसरीले श्री सर्वोच्च अदालतमा पुनरावेदनको अनुमतिको लागि दिएको निवेदनमा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८(ख) र (घ) बमोजिम अनुमति प्रदान भई दायर भएको ०७३-RB-००११ को पुनरावेदनमा श्री सर्वोच्च अदालतबाट राजस्व न्यायाधिकरण, विराटनगरको मिति २०६९।१०।१९ को फैसला उल्टी भई आन्तरिक राजस्व विभागको मिति २०६८।०९।१४ को निर्णय सदर हुने ठहरी मिति २०७५।३।११ मा फैसला भएको देखिन आयो। यसरी साधिकार निकाय

उद्योग विभागबाट प्रकाशित Material Consumption Norms अनुसार उत्पादन नदेखाई घटी उत्पादन देखाएको भनी आन्तरिक राजस्व कार्यालय, धरानबाट निर्धारण भएको अन्तःशुल्क सम्बन्धी निर्णय श्री सर्वोच्च अदालतबाट भएको अन्तिम फैसलाबाट कायम भएको स्थितिमा सोही आधारमा गरिएको करदाताको मूल्य अभिबृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशलाई समेत अन्यथा भन्न मिलेन।

१७. तसर्थ माथि उल्लेखित तथ्य, आधार एवं कारण समेत बाट करदाता पशुपति आइरन एण्ड स्टील प्रा.लि. (स्थायी लेखा नं.३००१६१४५) को ठूला करदाता कार्यालय ललितपुरबाट आ.व.२०६४।०६५ को मूल्य अभिवृद्धि कर तर्फ अन्तिम कर निर्धारण गरी मिति २०७०।२।२७ मा गरेको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।४।२९ मा भएको निर्णय समेत मिलेको देखिंदा सदर हुने ठहर्छ।करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन।अरुमा तपसिल बमोजिम गर्नु।

<u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौंलाई दिनू।
२. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।
३. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।
४. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय ललितपुर र रेकर्ड मिसिल अभिलेख शाखामा नियमानुसार गरी बुझाई दिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः-श्री खेमकुमारी बस्नेत
कम्प्यूटर टाइपः-श्री अशोक विश्वकर्मा
इति सम्वत २०८० साल बैशाख महिना ३ गते रोज १ शुभम्.........................।
प्रमाणिकरण गर्ने सदस्यः -
फैसला प्रमाणित मिति: - राजस्व न्यायाधिकरण काठमाडौंको छाप